# 'एक चिहान' उपन्यासमा शक्ति सम्बन्ध

**उमादेवी गुरागाईं**

**सार**

*प्रस्तुत लेख हृदयचन्द्रसिंह प्रधानद्वारा लेखिएको एक चिहान उपन्यासको शक्ति सम्बन्धसँग सम्बद्ध छ। शक्तिसम्बन्धलाई सांस्कृतिक अध्ययनका क्षेत्रमा विकसित एउटा नवीन समालोचनात्मक सैद्धान्तिक अवधारणा मानिन्छ। शक्ति सम्बन्धी मान्यतालाई मसेल फुको र अन्तोनियो ग्राम्चीले अघि सारेका हुन्। समाजमा अस्तित्वमा रहेका विभिन्न लिङ्ग, जाति, वर्ग तथा क्षेत्रीयताका बीचमा शक्तिको के-कस्तो सम्बन्ध रहेको छ भन्ने कुरालाई नै शक्तिसम्बन्ध भनिन्छ। यहाँ यसै मान्यताको आधारमा रही उपन्यास भित्र रहेको शक्तिसम्बन्धलाई विश्लेषण गरी निष्कर्ष निकालिएको छ। उपन्यासमा शक्तिसम्बन्धको सूक्ष्म विश्लेषण गर्नका लागि मूलतःलिङ्ग, वर्ग तथा जातिलाई आधार मानी विवेच्य उपन्यासमा प्रयु क्त कथ्य र सहभागीको अध्ययन गरिएको छ। आर्थिक असमानताका कारण सिर्जित समस्यालाई मूल कथ्य बनाइएको एक चिहान उपन्यासमा समाजमा उच्च ठानिएका सामन्त वर्गले लिङ्ग, वर्ग तथा जातिका नाममा निम्नवर्गमाथि दमन गरी सीमान्तीकृत बनाएको तर निम्नवर्गले त्यसका विरुद्ध प्रतिरोध गरेर शक्तिको केन्द्रमा पुग्न सफल भएको नष्कर्ष प्राप्त भएको छ।*

**मुख्यशब्दावली** : दमन, सीमान्तीकृत, सामन्तवर्ग, निम्नवर्ग, प्रतिरोध

## १. विषयपरिचय

हृदयचन्द्रसिंह प्रधान (१९७२-२०१६) द्वारा रचितएक चिहान (२०१७) उपन्यास लैङ्गिक तथा वर्गीय विभेद जस्ता विविध सामाजिक समस्यामा केन्द्रित देखिन्छ। प्रधानले यसमा नेपाली समाजमा निम्नवर्गले भोग्नुपरेका लैङ्गिक, वर्गीय, जातीय तथा धार्मिक उत्पीडन र त्यसका विरुद्ध उनीहरूमा पैदा भएको प्रतिरोध चेतनालाई सशक्त ढङ्गले प्रस्तुत गरेका छन्। यस उपन्यास भित्र वर्गगत आधारमा शोषण र शोषितको यथार्थता देखाइएको छ। यहाँ रातदिन रगत पसिना बगाएर परिश्रम गर्दा पनि अभाव र गरिबीले निरीह बन्न पुगेको ज्यापु परिवार, विना परिश्रम पनि अकुत सम्पत्तिको मालिक बन्नपुगेको सामन्त सूरमान सुब्बाअनि नारीलाई वासनापूर्तिको साधन ठान्ने डाक्टर गोदत्तप्रसाद, सूरमान सुब्बा तथा उसको कारिन्दा रामबहादुर र त्यसका विरुद्ध आवाज उठाउने रञ्जनादेवी, नानीथकुंतथा शिवनारांको प्रभावकारी रूपमाचित्रण गरिएको छ। यस उपन्यासमा पितृसत्तात्मक सामन्ती संरचनाका कारण नारीहरूले पीडायद्रक्त जीवन भोग्नुपरेको, उच्चवर्गले निम्नवर्गकै श्रम र पसिना चुसेर शासकीय शक्ति अझ बलियो बनाउँदै लगेको अनि निम्नवर्गमाथि नै शक्तिप्रदर्शन गरेको तथा त्यसका विरुद्ध उनीहरूले प्रतिकार गरेर शक्तिको केन्द्रमा पुग्न सफल भएको तथ्य प्रस्तुत भएको छ। यसमा शक्ति सम्बन्धको विश्लेषण गर्न लिङ्ग, वर्ग, जातितथा धर्मलाई सूचक मानी एक चिहान उपन्यासको विश्लेषण गरिएको छ।

## २. सामग्री सक्तलन र विश्लेषण विधि

प्रस्तुत लेखमा हृदयचन्द्रसिंह प्रधानद्वारा लेखिएको एक चिहान उपन्यासको शक्ति सम्बन्धका आधारमा विश्लेषण गरिएको छ। यहाँ पुस्तकालयीय अध्ययनबाट सामग्री सङ्कलन गरेरएक चिहान उपन्यासलाई प्राथमिक सामग्रीको रूपमा उपयोग गरिएको छ। उपन्यास विश्लेषणको अवधारणा निर्माणका लागि शक्ति सम्बन्धसँग सम्बन्धित सैद्धान्तिक पुस्तकहरू र लेखहरूको प्रयोग गरिनुका साथ विभिन्न विद्वान्, विज्ञ तथा शोधार्थीहरूबाट गरिएका अनुसन्धान मूलक लेख रचना तथा स्वतन्त्र अध्ययनलाई सन्दर्भसामग्रीका रूपमा उपयोग गरिएको छ। यो साहित्यिक लेख भएकाले यसमा गुणात्मक शोधढाँचाको प्रयोग गरिएको छ। त्यसमा पनि मुख्यतः पाठ विश्लेषण विधिको उपयोग गरिएको छ।

Received : October 2020  Accepted : December 2020

### ३. शक्तिसम्बन्धको सैद्धान्तिक पर्याधार

शक्तिसम्बन्ध सांस्कृतिक अध्ययन गर्ने एउटा महत्त्वपूर्ण अवधारणा हो । समाजमा रहेका लिङ्ग, वर्ग, जाति, धर्म, संस्कृति तथा क्षेत्रीयताका बीचमा शक्तिको सम्बन्ध र सन्तुलन के कस्तो रहेको छ भन्ने कुरालाई नै शक्ति सम्बन्ध भनिन्छ । यसमा कृतिभित्रको समाजमा रहेका लिङ्ग, जाति, धर्म, संस्कृति तथा वर्गबीचको शक्तिको सन्तुलन र असन्तुलनको अवस्था के-कस्तो रहेको छ भन्ने कुराको अध्ययनकालागि शक्ति सम्बन्धलाई आधार बनाइएको छ । फ्रान्सेली चिन्तक मिसेल फुकोको शत्ति सम्बन्धी मान्यता र इटालीका अन्तोनियो ग्राम्चीको प्रभुत्व सम्बन्धी मान्यतालाई आधार बनाउँदै यस लेखमाएक चिहान उपन्यासको लैङ्गिक, वर्गीय, जातीय तथा धार्मिक शक्तिसम्बन्धको विश्लेषण गरिएको छ । सामान्य अर्थमा मानव समाजमा रहेको व्यक्तिको अस्तित्व नै उसको शक्ति हो । कुनै पनि व्यक्तिले समाजमा आफ्नो अस्तित्व कतिको कायम गर्न सक्छ त्यसकै आधारमा उसको शक्तिको मापन गरिन्छ । फुकोले शक्ति सम्बन्धका विषयमा विमर्श, ज्ञान र शक्ति सम्बन्धी मान्यतालाई प्रस्तुत गरेका छन् । उनले विमर्श भाषा कै माध्यमबाट प्रकट हुन्छ भनेका छन् । उनका विचारमा कहिल्यै पनि एउटा केन्द्रको एकाधिकार हुँदैन । यो जालोजस्तै सङ्गठनका माध्यमबाट प्रयोग गरिन्छ र उद्घाटित हुन्छ (पाण्डेय, २०७३, पृ.  ७४) । शक्तिको प्रवाहमा पीडित र पीडक दुवै पक्षप्रभावित हुन्छन् ।

फुको समाजमा विद्यमान्, असमानता, अन्याय, दमन जस्ता क्रियाकलापलाई नजरअन्दाज गर्न चाहन्छन् (पौडेल, २०७०, पृ. ९४) । फुकोका अनुसार भाषिक सङ्कथनका तीनवटा पक्ष (शक्ति, सत्य र प्रतिनिधित्व) मध्ये शक्ति एक हो । शक्ति दमनकारी मात्र नभएर सृजनात्मक पनि हुन्छ । ज्ञान र सत्ताद्वारा शक्तिको निर्माण हुन्छ । शक्ति कै माध्यमबाट परिवर्तनशील सामाजिक सत्यहरू निर्माण हुन्छन्, जसको प्रयोग प्रभुत्वशाली वर्गले समाजमा आफ्नो वर्चस्व कायम राख्नका लागि गर्दछ । संसारमा शक्तिकै कारण अनेक घटनाहरू घटिरहेका छन् । परिवारदेखि समाज, राष्ट्र, अन्तराष्ट्रमा समेत यसको प्रभाव पर्दछ । शक्ति जसमा केन्द्रित हुन्छ, उसैमा निर्णय गर्ने क्षमता हुन्छ । त्यसैले शक्तिको केन्द्र व्यक्ति, जाति, समुदाय, लिङ्ग, वर्ग तथा राष्ट्रसमेत हुने गर्दछ । शक्तिको अभ्यास युद्ध वा राजनीतिमा मात्र हुँदैन । अफिस, स्कूल वा पारिवारिक एकाइ भित्र पनि हुन्छ । पुरुषप्रधान समाजमा पिता अर्थ आर्जन गर्ने शक्तिभएकाले परिवारभित्रको आर्थिक र राजनीतिकशक्तिको बाघडोर पनि प्रायगरी घरको मुली अर्थात, पितासँगै हुन्छ (उप्रेती, २०६९, पृ. ४२) । यसले गर्दा समाजमा महिलाको स्थान कमजोर र पुरुषको स्थान शक्तिशालीभएको देखिन्छ ।

शक्तिले नै सत्यको निर्माण गर्छ र ज्ञान नै शक्ति बन्दछ । तसर्थ, शक्तिको प्रभुत्वभन्दा टाढा कोही पनि जान सक्दैन । शक्ति आवश्यक छ । शक्ति समय, स्थान र परिस्थितिअनुसार परिवर्तन हुन्छ । यही क्रममा सत्य र ज्ञान पनि परिवर्तन हुने गर्छ । शक्ति कठोर र निष्ठुर पनि हुन्छ  । शक्तिको प्रवाह र प्रभावदेखिने नदेखिने विभिन्न आयमबाट परिचालित हुन्छ (श्रेष्ठ, २०६८, पृ. ३८) । यसकारण शक्तिशाली शासक र त्यसको विरोधीबीच बेमेलको अवस्था सृजना हुन्छ । फुकोकाअनुसार जहाँ शक्तिको अभ्यास देखापर्छ त्यहाँ नै त्यसको प्रतिकारको सम्भावना पनि साथसाथै मौलाउँछ (उप्रेती, २०६९, पृ. ४३) । यसले गर्दा समाजमा नयाँ-नयाँशक्तिको जन्म हुन्छ ।

अन्तोनियो ग्राम्चीले प्रभुत्वसम्बन्धी मान्यताको परिचर्चाका क्रममा शक्ति सम्बन्धको व्याख्या गरेका छन् । यस सम्बन्धमा उनको प्रिजन नोटबुकमा बिनाबल प्रयोग पनि समाजभित्रका विभिन्न वर्गलाई प्रभुत्वले बाँधेको हुन्छ (पाण्डेय, पृ.६४) भन्ने मान्यता महत्त्वपूर्ण मानिन्छ। उच्च बौद्धिक तहका व्यक्तिहरूलाई राज्यका मूल्यमान्यताहरू लादिँदैन तर सर्वसाधारणलाई स्वतन्त्र र कुटनीतिक रणनीतिमा अधीनस्थ गरी उच्चवर्गद्वारा शोषण गरिन्छ। वार्ता र सहमतिमा नै उनीहरूमाथि वर्चस्वकायम गरिएको हुन्छ। आफू लुटिएको र ठगिएको उनीहरूले थाहा नै पाउँदैनन् र दुःख पाउनु पूर्वजन्मको फलहो भन्दै आफ्नो भाग्य नै कमजोर भएको महसुस गर्छन् । राज्य तटस्थ छ,दमनकारी छैन भन्ने कुरामाउनीहरू सहमत हुन्छन् । यसरी अप्रत्यक्ष ढङ्गले राज्यले नै हैकम र शासनद्वारा तल्लो वर्गलाई अधीनस्थ बनाएको हुन्छ। त्यसैले राज्यका यस्ता कार्यका विरुद्धमा सङ्घर्ष गर्न र तल्लो वर्गमा

चेतनाको विकास गर्न ग्राम्चीले जैविक बुद्धिजीवीको आवश्यकताहुने मत अघि सारेका छन् । यस सन्दर्भमा हल के भन्छन् भने जैविक बुद्धिजीवीले दुई तहमा काम गर्न'पर्छ । पहिलो उनीहरू बौद्धिक वर्गको अग्रमोर्चामा रहेर परम्परागत बुद्धिजीवीभन्दा भिन्न ढङ्गले ज्ञान आर्जन गर्न'पर्छ र दोस्रो बौद्धिक क्रियाकलापका माध्यमबाट तिनले आर्जित र विकसित ज्ञानको सम्प्रेषण गर्न'पर्छ (हल, २०१२, पृ. ३८) । यसरी बुद्धिजीवीको माध्यमबाट तल्लो वर्गमा चेतनाको विकास गरी अन्यायका विरुद्धप्रतिकार गर्ने शक्तिप्रदान गर्न सकिन्छ भन्ने मान्यता हलको रहेको छ ।

समाजमा विभिन्न प्रकारका शक्तिहरू रहेका हुन्छन् । ती मध्ये शक्तिलाई जातिगत, वर्गगत, लिङ्गगत आदिका आधारमा विश्लेषण गर्न सकिन्छ । यही शक्तिकै आधारमा समाजमा पुरुषले महिलालाई, महिलाले पुरुषलाई, ठूलो जात भनिएकाले सानो जातलाई, शक्तिशाली वर्गले कमजोरलाई अपहेलना गरेको देखिन्छ । तसर्थ, यसै अवधारणा र अभ्यासलाई दृष्टिगत गरी प्रधानको एक चिहान उपन्यासमा प्रयुक्त लैङ्गिक, जातीय तथा वर्गीयशक्तिसम्बन्धको विषयलाई मूलआधार बनाई प्रस्तुत उपन्यासको विश्लेषण र निरुपण गरिएको छ ।

## ४. एक चिहान उपन्यासको आख्यान सन्दर्भ

हृदयचन्द्रसिंह प्रधानद्वारा लिखितएक चिहान उपन्यास लैङ्गिक तथा वर्गीय विभेद जस्ता विविध सामाजिक समस्यामा केन्द्रित छ । यो उपन्यासले राणाशासनको पतनदेखि पंचायत व्यवस्थाको उदयहुने वेलातिरको समाजको प्रतिविम्ब प्रस्तुत गरेको छ। उपन्यासमा गरिब किसान अष्टनारांको परिवारको जीवनावस्थाको दयनीय र करुण चित्रउतारिएको छ। उपन्यासको सुरुमै ज्यापु परिवारका मुली अष्टनारां बिरामी भएका,उपचारमा गाउँकै डाक्टर गोदत्तप्रसादलाई बोलाइएको,फिस तिर्न सक्दैनन् भनी उसले पहिले आलटाल गरेपनि पछि उसले भने जतिनै फिस दिने सर्त गरेपछि उपचार गर्न गएको तर अष्टनारांकी सुन्दरी छोरी नानीथकुंलाई देखेपछि फिस विना नै उपचारमा सामेल भएको देखिन्छ । यसमा एकातिर नानीथकुंलाई प्रेमको नाटक गरी डाक्टरले अपहरण गरेर गर्भवती बनाई नारी अस्मिताको खिल्ली उडाएको अनि अर्का तिरनानीथकुंका दाजुभाइ मिलेर डाक्टरद्वारा बसेको गर्भ पतन गराई तराई बासी युवक रामखेलवान राउतसँग नानीथकुंको विवाह गराएर डाक्टरको व्यवहारप्रति प्रतिरोध गरेको दृष्टान्त प्रस्तुत गरिएको छ । त्यस्तै गाउँकै सामन्त बूढो सूरमान सुब्बाले पनि कलिली नानीथकुंलाई हत्याउने प्रयत्न गरेको तर शिवनारांले त्यसको प्रतिकार गरेको देखिन्छ । यसरी नेपाली समाजका लैङ्गिक, वर्गीयजस्ता विविध क्षेत्रमा देखिएका विभेद प्रस्तुतगर्दै त्यसका विरुद्ध निम्नवर्गमा उत्पन्न प्रतिरोध चेतनालाई प्रस्तुत गर्न उपन्यास सक्षमभएको देखिन्छ ।

## ५. विवेच्य उपन्यासको शक्तिसम्बन्धविश्लेषण

एक चिहान उपन्यासको शक्तिसम्बन्धको विश्लेषण लिङ्ग, वर्ग तथा जातिका आधारमा गरिएको छ ।

### क. लिंग

एक चिहान उपन्यासमा ज्यापु, सामन्त सूरमान सुब्बातथा डाक्टर गोदत्तप्रसादको परिवारभित्रके विपरीत लिङ्गी शक्ति सम्बन्धको विश्लेषण गरिएको छ। उपन्यासमा ज्यापु परिवार भित्रशक्तिको लागिखासै सङ्घर्ष भएको देखिँदैन । एकले अर्कालाई होच्याउने, आफै ठूलो हुनखोज्ने प्रवृत्ति उपन्यासमा कहीँकतै नभएता पनि निर्णय प्रक्रिया, आर्थिक स्रोतमाथिको नियन्त्रण, स्वतन्त्रता जस्ता कुरामा भने पुरुषको वर्चस्व रहेको पाइन्छ । नेपाली समाजमा पुरुष घरको मुली हुन्छ । ऊ कसैको पिता, लोग्ने, छोरो, नातिआदि भएकै आधारमा परिवारको सम्पति र सत्ता स्वतःउसमा हस्तान्तरण हुन्छ । त्यसैले घरमा उसैको नेतृत्वमा अरूले चल्नु पर्ने हुन्छ। निर्णय प्रक्रियामा उसैको अधिकार हुन्छ अथवा घरका हरेक क्रियाकलापमा पुरुषको निर्णय सर्वोपरि मानिन्छ । यही समाजको नियमअनुसार प्रस्तुत उपन्यासमा पनि पुरुषहरू निर्णय प्रक्रियामा देखिन्छन् । उपन्यासमा अष्टनारांजीवित रहुन्जेल परिवारमा उसको मुख्य भूमिका रहेको छ । यसमा परिवारका महिला सदस्यहरूको सामाजिक, आर्थिक र सांस्कृतिक अधिकार पुरुषकै हातमा रहेको

हुँदा महिलाको भूमिका अधीनस्थ नै रहेको देखिन्छ । महिलाहरू पुरुष अधीनस्थभएको कुरा पुष्टि गर्न यी सन्दर्भ प्रस्तुत गर्न उपयुक्त देखिन्छ :“यो बद्रढिया तिमीहरू सबकी आमा र बहिनी एकजनालाई अन्यथानगर । जे दुःख सहेर पनि यी अबलादुई जनालाई खुवाई राख । बाबु हो ! तिमीहरू जे भए पनि छोराहरू हौ, कर्तव्य नछाड ≤”(पृ. १)

अष्टनारांको यस अभिव्यक्तिमा महिलाहरूलाई अशक्त, अबला र कमजोर ठानी उनीहरूको रेखदेख गर्ने जिम्मा पुरुषले लिनुपर्ने भाव व्यक्त भएको छ । पितृसत्तात्मक समाजमा पुरुषहरू शक्तिशाली हुने भएकाले उनीहरूले आफ्नो मात्र नभएर परिवारका महिला सदस्यहरूको पनि हेरविचार गर्नु पर्ने अवधारणा समाजको देखिन्छ । त्यसैले अष्टनारांले आफ्ना छोराहरूसँग आमा र बहिनीको पालनपोषण गर्ने जिम्मालिन आग्रह गरेको छ । अझ “तिमीहरू जे भएपनि छोराहरू हौ, कर्तव्य नछाड (पृ. १); ”भन्ने अभिव्यक्तिले त छोराहरूले कर्तव्य छाड्न हुन्नभन्ने बुझिन्छ र लतमाया र नानीथकुंको समग्र अस्तित्व पुरुषमा समाहित भएको आभास हुन्छ । यसबाट समकालीन युगमा पुरुषहरूको सामाजिक, आर्थिक वर्चस्व रहेको स्पष्ट हुन्छ ।

अष्टनारांको मृत्युपछि नानीथकुंको हेरविचार गर्ने जिम्मा पाएका शिवनारांका दाजुभाइले एकातिर विवाह गर्ने उमेर भएपनि आर्थिक अवस्था कमजोर भएकाले समयमा बहिनीको विवाह गरिदिन सकेका छैनन् भने अर्कातिर छोराछोरीको बाबु भइसकेको डाक्टर र नानीथकुं बीचमा प्रेम भएको हल्ला गाउँमा चलेपछि गाउँलेले हाकुमायालाई जानकारी गराएका छन् । हाकुमायाले त्यो कुरा शिवनारांलाई सुनाएपछि उनको “भरेदेखि नानीथकद्रंलाई भात पकाउन दिएर तपाईं कपडा बुन्ने काममा लाग्नुहोला” भनी आदेश जाहेर गरेजस्तो गरी आमालाई भने (पृ. ६५) भन्ने अभिव्यक्तिले समाजमा नारीमाथि पुरुषको वर्चस्व रहेको प्रस्ट भएको छ । डाक्टर गोदत्तप्रसाद र नानीथकुंबीच भएका क्रियाकलापले आफ्नो बेइज्जतभएको ठानी शिवनारांले आमालाई हप्काएको छ र बहिनीको हेरविचारमा कडा हुनआदेश दिएको छ । पितृसत्तात्मक सामन्ती समाजमा पुरुष नै निर्णय प्रक्रियामा हुने हुनाले नै छोरो शिवनारां उपन्यासको केन्द्रीय भूमिकामा देखिन्छ भने उसकी आमा लतमाया छोराकै नियन्त्रण र निर्देशनमा चल्न बाध्य भएकी छ । शिवनारांले आफू पुरुष भएकै कारण उसले आमालाई अधीन स्थपारेको हो  । यहाँ ऊ भूमिका विहीन अवस्थामा छे । उसको भूमिकालाई शिवनारांले तोकिदिएको छ । यसबाट पनि शिवनारां (पुरुष) नै शक्तिको केन्द्रमा रहेको प्रस्ट हुन्छ ।

उपन्यासमा डाक्टर गोदत्तप्रसादले नानीथकुंलाई प्रेमको नाटक गरी वासनापूर्तिको साधन बनाउन खोजिरहेको देखिन्छ । डाक्टरको प्रेमजालमा फसेकीनानीथकुंलाई रञ्जनादेवीले सम्झाएपछि भने उसले डाक्टरलाई नभेट्न भनेकी छे । तर डाक्टर गोदत्तप्रसादले नानीथकुंलाई बेहोस हुने इन्जेक्सनहानी अपहरण गरेको छ । होसमा आएपछि नानीथकुं एकदम आत्तिइन् । उनी भाग्न खोजिन् तर डाक्टरले समाएर अँगालाले बाँधिदिए । डाक्टर गोदत्तप्रसादले नानीथकुंलाई छाडिदिने दया गरेनन् । अँगालो बाँधेर डाक्टर गोदत्तप्रसादले रात बिताइदिए (पृ. २०८) । यहाँ पितृसत्ताको प्रतिनिधि डाक्टरले षड्यन्त्रपूर्वक नानीथकुंलाई अपहरण गरी बलत्कार गरेको छ । ऊ भाग्न खोज्दा पनि डाक्टरको पन्जाबाट उम्कन सकेकी छैन । ऊ निरीह भएर डाक्टरसँग रात विताउन विवश भएकी छे । यस अवस्थामा आइपुग्दा ऊ साच्चै नै शक्तिहीनभएकी छे भने डाक्टर गोदत्तप्रसाद शक्तिशालीभएको छ । यसरी पितृसत्तात्मक सामन्ती संस्कृतिले नारीलाई एउटा शरीरबाहेक अरु केही नठानेको दृष्टान्त प्रस्तुत गरी उपन्यासकारले लैङ्गिक असमानताको चित्रण गरेका छन ।

डाक्टरद्वारा अपहरित भई उसैलाई श्रीमान् मान्न बाध्यभएकी नानीथकुंलाई शिवनारांका दाजुभाइले रञ्जनादेवीको सहयोगमा भेटेपछि आफ्ना घर लगेर अर्को केटासँग विवाह गरिदिएका छन् । यस सन्दर्भमा निम्नलिखित उदाहरण प्रस्तुत गर्न‘ सान्दर्भिक देखिन्छ : नानीथकुंको विवाह भएको आजतीन दिनभयो (पृ. २२४) । जबर्जस्तीमा गोदत्तप्रसादकी पत्नीभएकी नानीथकुंले दाजुहरूको सहयोगमा उसलाई छाडी अर्कै केटासँग विवाह गर्न सफल भएकीले अहिले ऊ शक्तिशाली भई भने डाक्टर गोदत्तप्रसाद कमजोर भएको देखिन्छ । यसरी उपन्यासको अन्त्यमा नारी शक्तिको केन्द्रमा र पुरुष परिधिमा देखिएका छन् ।

**ख. वर्ग**

एक चिहान उपन्यासभित्र वर्गगत शक्तिसम्बन्धको अवस्था दरिलो रूपमा प्रकट भएको देखिन्छ। यस उपन्यास भित्रनिम्नवर्गका किसान अष्टनारांको परिवार उच्चवर्गका सूरमान सुब्बा र डाक्टर गोदत्तप्रसादद्वारा पीडित बनेका छन्। उनीहरूले विहानदेखि बेलद्रकासम्म श्रम गर्दा पनि पेटभरि खान र शरीर छोप्न आवाश्यक कपडा प्राप्त गर्न नसकेर तल्सिङको साहारा लिनुपरेको छ। विरामी हुँदा समेत उपचार गर्ने पैसा नभएर स्वस्थ्य सेवाबाट वञ्चितहुनुपरेको अवस्थालाई पुष्टि गर्न निम्नलिखित सन्दर्भ प्रस्तुतगर्न' सान्दर्भिक देखिन्छ :

आमाबाबु सधैँ पाइरहन सकिन्न, औषधिउपचारले एकाधवर्ष बढ्तै बाँच्न सक्लान् भनूँ तर गरिब परिवारले त्यसको आशा नराख्नुमा नै आनन्द छ। जिन्दगीभर उत्रननसक्ने ऋण बोकेर बाबुलाई दुई वर्ष बढ्ताबचाएर के सुख होला ? मैले आफ्नो बाबुलाई त ऋण लिएर पनि औषधि गर्न पाइनँ। औषधि गर्न नपाइकनै बा चाडै परलोक हुनुभो। अझबाजे त्यसैले औषधि गर्न नपाएरै चाँडै परलोक हुनुभएको होला। बा, बाजे, बडाबाजेहरू जस्तै म पनि मरुँला, के भयो, यो हाम्रो निम्ति परम्परै हो। (पृ. १८)

यहाँ वर्गीय असमानता प्रस्ट रूपमा प्रकट भएको छ। अष्टनारांको परिवारले स्वास्थ्य उपचारजस्तो आधारभूत स्वास्थ्य सेवाबाट पनि वञ्चित हुनुपरेको देखिन्छ। यस्तो अवस्था भनेको वर्गीय असमानताका कारणै उत्पन्न भएको हो। सामन्तवादी समाजमा यस्तो असमानताका कारण एउटा वर्ग वंशगत रूपमै शोषक र अर्को वर्ग शोषित हुने अवस्था रहन्छ (भट्टराई, २०७७, पृ. १७६)। यही कारणले अष्टनारांको परिवार पुस्तौंदेखि शोषित भएको र उसका बाजेबराजुले समेत उपचार नपाएर मर्न विवशभएको तथ्ययहाँ प्रस्तुतभएको छ।

वर्गीय समस्याका रूपमा रहेको ऋण र ऋणको व्याज तिर्दातिर्दै निम्नवर्गको भएभरको सम्पत्ति र जग्गाजमिन सकिएको तथ्य उपन्यासमा उल्लेख भएको छ। यसलाई पुष्टि गर्न अष्टनारांको भनाई प्रस्तुत गर्न' सान्दर्भिक देखिन्छ :

"बाबूहो ऋण लिने काम एउटाकहिल्यै पनि नगर। यो मेरो तिमीहरूलाई आखिरी अर्ती हो। ऋणले कहिल्यै भलो हुँदैन। मलाई याद छ,बाजेको पालामा हाम्रो जम्माबाह्र रोपनी खेत थियो। बाको पालामा छ रोपनीभयो। मेरा पालामा तीन रोपनी हुन आइसक्यो। ऋण लिने काम गरेपछि त्यो पनि खतमहुन आउँछ।" अष्टनारांले भने। (पृ. २०)

यहाँ अष्टनारांका परिवारले आफ्ना आधारभूत आवश्यकता पूर्तिका लागि पनि साहुसँग ऋण लिनुपरेको र पछि त्यही ऋण र ऋणको व्याजका कारण उसका बाजेबराजुले जग्गा जमिन गुमाउँदै जानुपरेको तथ्य प्रस्तुत भएको छ, जसले उच्चवर्ग र निम्नवर्गबीचको शक्ति सम्बन्धलाई प्रकट गरेको छ। सामन्तवादी समाजमा वर्गीय असमानताको मूल कारण तल्सिङलाई बुझाउनुपर्ने कुत र ऋण तथा ऋणको व्याज नैप्रमुख देखिन्छ। किसानको उत्पादनको साधनमा सामन्तको स्वामित्व भएपछि उनीहरूले वर्षभरि उत्पादन गरेको अन्न सामन्तीलाई दिनुपर्ने हुन्छ र आफूलाई चाहिने गाँसबास जस्ता आधारभूत आवश्यक्ता पूर्तिका लागि फेरि साहुसँग ऋणलिनुपर्ने हुन्छ। यसरी वर्षैपिच्छे लिएको ऋण र त्यसको व्याजले गर्दा भएभरको जग्गा जमिन गुमाउन किसान बाध्य हुन्छन्। प्रस्तुत उपन्यासमा रातदिन रगत पसिना बगाएर परिश्रम गर्दा पनि अष्टनारांको परिवार सूरमान सुब्बाको कुततिर्न नसक्ने अवस्थामा छ भने विनापरिश्रम पनि सूरमान सुब्बाचाहिँ अकुत सम्पत्तिको मालिक बन्नपुगेको देखिन्छ। यसरी वर्गीय असमानताका कारण एउटा वर्ग दिनदिनै शक्तिशालीबन्दै गएको र अर्को वर्ग कमजोर हुँदै गएको अवस्था उपन्यासमा

Received : October 2020  Accepted : December 2020

प्रकट भएको देखिन्छ।

**ग. जाति**

एक चिहान उपन्यास भित्रको समाजमा नेवार जातिमानिने ज्यापु र श्रेष्ठ, बाहुन, खस क्षेत्री तथा तामाङ जातिको प्रतिनिधित्वभएको छ। यिनीहरूकाबीच जातीयविभेद खास नभए पनि वैवाहिक सन्दर्भमा रामबहादुर र लतमाया तथा लतमाया र हर्षनारांबाट प्रस्तुतविचारले भने तत्कालीन समाजमा जातीय विभेद रहेको बुझिन्छ। उपन्यासमा सूरमान सुब्बाको कारिन्दा रामबहादुरले लतमायासँग सुब्बा साहेबले नानीथकुंलाई मन पराएको मात्र होइन छुवाछुतलाई समेत बेवास्ता गरी उसलाई विवाह गर्न चाहेको कुरा र लतमायाले "तर उहाँ श्रेष्ठ हुनुहुन्छ, यो पनि त अप्ठ्यारो कुरा छ (पृ.७१.)।" भन्दै राखेको शङ्काबाट समाजमा जातीय असमानता रहेको स्पष्ट हुन्छ। सामन्तवादी समाजमा जातभातको सन्दर्भ ल्याएर निम्नवर्गलाई उच्चवर्गले कसरी दमन गरिरहेका हुन्छन् भन्ने कुरा रामबहादुरको लतमायासँग प्रयोग गरेको "तिम्री छोरी दर्जावालभारदारको घरमा गएर रानीमात्र बन्ने होइन, तिमीहरूको जातले समेत उक्लन पाइने, ठूलो जातिसित सम्बन्ध राख्नु नै ठूलो जातमा प्रवेश गर्न' हो (पृ. ७२) !"भन्ने अभिव्यक्तिले स्पष्ट पारेकोछ।

अष्टनारांको परिवार अन्तरजातीय विवाहलाई मान्यतादिने प्रगतिशील विचारको भए पनि हर्षनारांको विवाह गर्ने सन्दर्भमा लतमायाको"तर पानी नचल्ने र छोइछिटो हाल्नुपर्ने जातमा एउटा नताक, त्यहाँसम्म बढ्ताजानु त अहिलेलाई म ठीक देख्दिनँ, आफ्नो मन पनि मान्दैन (पृ. १७६)।"भन्ने अभिव्यक्तिले दलित जातप्रति विभेद भएको प्रस्ट हुन्छ। यहाँ अछुत जातिप्रति विभेद गरिएको देखिन्छ। उनीहरूलाई विवाह बन्धनका रूपमा स्वीकारिएको देखिँदैन। यसरी सामन्तवादी समाजमा छुतअछुतको नाममा गरिने दमन तथा शोषणको सन्दर्भलाई यहाँ प्रस्तुत गरिएको छ।

**६. निष्कर्ष**

हृदयचन्द्रसिंह प्रधानको एक चिहान उपन्यासले नेपाली समाजको सामाजिक विभेदलाई प्रस्तुत गरेको छ। उत्पीडनकारी सामाजिक संरचना र सामन्ती अर्थ व्यवस्थाका कारण उपन्यासमा उच्चवर्गले निम्नवर्गलाई लैङ्गिक, वर्गीय तथा जातीय **रूपमा** उत्पीडनमा पारेको देखिन्छ। पितृसत्तात्मक सामन्ती संरचनाका कारण परिवारको शक्ति केन्द्रको रूपमा पुरुषको वर्चस्व कायम रहेको छ त्यसैले उपन्यासमा पति, दाजु तथा छोरो शक्तिको केन्दमा र पत्नी, आमा, बहिनी तथा छोरी परिधिमा देखिन्छन्। यस परिवेशमा पुरुषशक्तिशाली र महिलाकमजोर देखिएका छन्। आर्थिक स्रोत र निर्णय प्रक्रियामा उच्चवर्ग त्यसमा पनि पुरुषको वर्चस्व कायम हुने सामाजिक संरचनाका कारण उपन्यासमा उच्चवर्गले निम्नवर्ग तथा महिलालाई दमन, शोषण गरी अधीनस्थ बनाएका छन् तर आर्थिक आधार मात्र शक्तिको स्रोत नभएर उत्पीडित वर्गले आफूमाथि भएको अन्यायका विरुद्ध आवाज उठाउदानि शक्तिको निर्माण हुन्छ भन्ने फुकोको मान्यतानुसार उपन्यासमा उत्पीडित वर्गले दमन तथा शोषणका विरुद्ध प्रतिकार गरेर शक्तिको केन्द्रमा पुगेका छन्। यस्ता कार्यमा नानीथकुं तथा शिवनारांको प्रमुख भूमिका रहेको छ। प्रधानले उपन्यासमा लैङ्गिक, वर्गीय तथा जातीय शक्ति सम्बन्धको सन्दर्भलाई प्राथमिकता दिएर किनारीकृत समुदायको आवाजलाई महत्त्वका साथ प्रस्तुत गरी शक्तिशाली बनाएको देखिन्छ। यस उपन्यासमा जातीय विभेदको रुढि परम्परा चित्रित छ। यसलाई रामबहादुर र लतमायामार्फत् सङ्केत गरिएको छ। यहाँ लिङ्गगत रूपमा महिलाहरू पुरुषसत्ता र हैकमवादले गर्दा पीडित बनेका देखिन्छन् । पितृसत्तात्मक सामन्ती समाजका पुरुषले महिलामाथि, उच्चवर्गले निम्नवर्गमाथि तथा माथिल्लो जातले तल्लो जातमाथि गर्ने दमन, शोषणजस्ता विभेदको चित्रण गर्दैती समस्याको समाधान सबै मिलेर गर्न'पर्छ अनि मात्र समतामूलक समाजको निर्माण हुन्छ भन्ने सचेत विचार यस उपन्यासमा सघन रूपमा प्रस्तुतभएको छ। हृदयचन्द्रसिंहकोएक चिहान उपन्यासले नेपाली समाजको एउटा कालखण्डमा व्याप्त उत्पीडनकारी सामाजिक संरचना र संस्कृतिलाई प्रभावकारी ढङ्गले प्रस्तुत गरेको मात्र छैन, त्यसको व्यावहारिक समाधानको बाटो देखाउन पनि सक्षम छ भन्ने निष्कर्ष यस अध्ययनबाट प्राप्त भएको छ।

**सन्दर्भसामग्री सूची**


उप्रेती, सञ्जीव (२०६९). सिद्धान्तका कुरा (चौथो संस्क.). काठमाडौँ : अक्षर क्रियसन्स ।

गुरागाईं, राधिका (२०७०). प्रेमपिण्ड नाटकको लैङ्गिकअध्ययन. अप्रकाशितदर्शनाचार्य शोधप्रबन्ध. त्रि.वि., कीर्तिपुर ।

पाण्डेय, ताराकान्त (२०७३). मार्क्सवाद, सांस्कृतिकअध्ययन र साहित्यको समाजशास्त्र. काठमाडौँ : साझाप्रकाशन ।

पौडेल, रामचन्द्र (२०७०). मार्क्सवाद र संरचनावाद एक तुलनात्मकविश्लेषण. प्रवर्तक, (पूर्णाङ्क ३), पृ. ९२-९९ ।

पौडेल, हीरामणि शर्मा (२०६१). समालोचनाको बाटोमा. काठमाडौँ : साझाप्रकाशन ।

प्रधान, हृदयचन्द्रसिंह (२०७३).एक चिहान (बाह्रौं संस्क.). ललितपुर : साझाप्रकाशन ।

भट्टराई,रमेशप्रसाद(२०६८). लैङ्गिक समालोचना.रत्न बृहत् नेपाली समालोचना(सैद्धान्तिक खण्ड) राजेन्द्र सुवेदी र लक्ष्मण गौतम (सम्पा.). काठमाडौँ : रत्न पुस्तक भण्डार ।

भट्टराई, रमेशप्रसाद (२०५९/६०). नैकापे सर्किनीको बहुसांस्कृतिकविश्लेषण. वाङ्मय, (वर्ष ११, पूर्णाङ्क ११), पृ. २२-२७ ।

भट्टराई, रमेशप्रसाद (२०७७). आधुनिक नेपालीउपन्यासको सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय)विश्लेषण. काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

श्रेष्ठ, तारालाल (२०६८). शक्ति, स्रष्टा र सबाल्टर्न. काठमाडौँ : डिस्कोर्स पब्लिकेसन ।

Hall,stuart(2012).“cultural studies and its Theoretical legaeies”.*The Cultural studies*R*eader.* third and Indian edition. Ed. by simon During. London and New York : Routledge.


*Received : October 2020*  *Accepted : December 2020*